फिदिम नगरपालिका

# खानेपानी उपभोक्ता समिति व्यवस्थापन सम्बन्धि निर्देशिका २०७५

फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेश नेपाल

# खानेपानी उपभोक्ता समिति व्यवस्थापन सम्बन्धि निर्देशिका, २०७५

**प्रस्तावना :** फिदिम नगर क्षेत्र भित्र स्वच्छ खानेपानीको पहूच सबै नगरबासिहरुमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले, खानेपानी उपभोक्ता समिति व्यवस्थापन सम्बन्धि निर्देशिका २०७५ बनाई लागु गरिएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम "खानेपानी उपभोक्ता समिति व्यवस्थापन सम्बन्धि निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका फिदिम नगरपालिका भित्र लागु हुनेछ ।

(३) यो निर्देशिका तत्काल प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "खानेपानी " भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनुपर्छ ।

(ख) "स्थानीय अधिकारी" भन्नाले नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ग) " समिति" भन्नाले विधान अनुसार गठन भएको खानेपानी उपभोक्ता समिति सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**(३) दर्ता नगरी उपभोक्ता समिति खोल्न नहुने :** यस निर्देशिका बमोजिम दर्ता नगरी कसैले पनि समिति स्थापना गर्नु हुदैन ।

**(४) समिति दर्ता :** (१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले समिति सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष निबेदन दिनु पर्नेछ :-

(क) समितिको नाम,

(ख) उद्देश्यहरु,

(ग) समितिका सदस्यहरुको नाम,ठेगाना र पेशा,

(घ) कार्यालयको ठेगाना ।

(२) उपदफा (१) बमोजिमको निबेदन प्राप्त भएपछि स्थानीय अधिकारीले अवस्यक जांचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाण-पत्र दिनेछ ।

(३) स्थानीय अधिकारीले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निबेदकलाई दिनु पर्नेछ र निबेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिन भित्र त्यस्तो निर्णय उपर न्यायिक समितिमा उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछी नगरपालिकाका प्रमुखले आबस्यक जांचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले समिति दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढाँचा अनुसुचि-१, नवीकरण र नवकिरण दस्तुर तोकिएबमोजिम हुनेछ।

(६) यस निर्देशिका बमोजिम प्राप्त अधिकार स्थानीय अधिकारीले अधिकृत स्तरका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५. **समिति संगठित मानिने** : (१) यस निर्देशिका अन्तर्गत दर्ता भएको समिति हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ।

६. **संस्थाको सम्पत्ति** : (१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान बिरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाई मा चित्त नबुझने व्यक्तिले पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा बिराम गरेमा समिति, समितिको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानुन बमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ।

७. **समिति दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने** : (१) यो निर्देशिका प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नभई स्थापना भईरहेका समितिले पनि यो निर्देशिका प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो निर्देशिका बमोजिम सुचिकृत गराउनु पर्ने छ।

८. **समिति को उद्देश्यहरुमा हेरफेर** : (१)समितिको उद्देश्यहरुमा हेरफेर गर्न आवस्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो समितिले तत् सम्बन्धि प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्ने छ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ।

तर, सो प्रस्ताव लागु गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृत लिनु पर्नेछ।

९. **हिसावको विवरण पठाउनु पर्ने** : प्रबन्ध समितिले आफ्नो समितिको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्यक वर्ष स्थानीय अधिकारी कहाँ पठाउनु पर्नेछ।

१०. **हिसाब जाँच गर्ने** : (१) स्थानीय अधिकारीले आवस्यक देखेमा समितिको हिसाव आफुले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत स्थानीय अधिकारीले हिसाव जाँचबाट देखिन आएको समितिको मौज्दाद रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफुले निर्धारण गरेको दस्तुर असूल गरी लिन सक्नेछ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचेको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा

कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीवाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून वमोजिम कारवाई चलाउन सक्नेछ ।

तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

११. **निर्देशन दिने** : नगरपालिकाले समितिलाई आवस्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

१२. **दण्ड सजाय** : (१) दफा ३ बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दफा (७) बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही पाँच हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसावको बिवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही एक हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

तर, कुनै सदस्यले दफा ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको बिवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँच हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई समितिको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसित गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा स्थानीय अधिकारीले त्यस्तो समितिको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

१३. **पुनराबेदन** : दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैतीस दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने छ ।

१४. **समिति को बिघटन वा त्यस्को परिणाम** : (१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्नेछ ।

१५. **नियम बनाउने अधिकार** : यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले नियम बनाउन सक्नेछ ।

१६. समितिले आफ्नो बिधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वत बिघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म समिति संचालन नगरपालिकाले गर्नेछ ।

१७. **खारेजी वा बचाउ** : (१) खानेपानी उपभोक्ता समिति व्यवस्थापन सम्बन्धि निर्देशिका लागु हुनु पुर्व जलस्रोत ऐन २०४९ अन्तर्गगत दर्ता भएका समिति यसै निर्देशिका बमोजिम दर्ता भए सरह मानिनेछ ।

अनुसुचि-१

फिदिम नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

फिदिम, पाँचथर

१ नं. प्रदेश नेपाल

# उपभोक्ता संस्था दर्ता प्रमाण पत्र

दर्ता नं.

नाम :

मिति :

महासय तपाईले मिति ..................... दिनुभएको दखास्त बमोजिम उपभोक्ता संस्था दर्ता गरि प्रमाण पत्र दिइएको छ ।

१. नाम :
२. ठेगाना :
३. उपभोक्ता संस्थाको उद्धेश्य :
४. उपभोक्ता संस्थाको सञ्चालन गर्ने आयोजनाको नाम :
५. आयोजनाको श्रोत : प्रदेश नं. १
६. श्रोत रहेको नगरपालिका :
७. उपयोग गर्न पाउने पानीको परिमाण :
८. आयोजना सुरु गर्नु पर्ने अवधि :
९. उपभोक्ता संस्थाले पालना गर्नु पर्ने शर्तहरु
   क) योजनाको बस्तु स्थितिबारे समय समयमा जानकारी दिने ।
   ख) जलश्रोत ऐन, २०४९ तथा नियमावली २०५० बमोजिम कार्य गर्ने ,
   ग) समस्या परेमा त्यसको निरुपण नगरपालिकाबाट हुनेछ ।

......................

तयार गर्ने

..............................

प्रमुख प्रशासकीय अधिकृत